नागरिक संस्था सम्बन्धी ऐन, कानुन तथा नीतिहरुको तर्जुमा तथा कार्यान्वयनको लागि

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मापदण्डहरू



यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मापदण्ड अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव बनेको हो। यस मापदण्डभित्रका विषयवस्तु तथा सामग्री FHI 360 र FHI 360 पारस्परिक जवाफदेहिता परियोजनाका साझेदार सम्झौता नेपाल र मिडिया एडभोकेसी ग्रुपका एकल जिम्मेवारी हुन् र तिनले युएसएआईडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन।

## परिचयः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्वव्यापी सरोकारको विषय हो । विभिन्न देश, संयुक्त राष्ट्रसंघ तथा विभिन्न संघ-संस्थाहरूले लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणलाई आत्मसात गर्नको लागि विभिन्न मापदण्ड तयार गरी ती मापदण्डका प्रावधानहरूलाई कानुनी हैसियत दिएका छन् ।

नेपालको सन्दर्भमा नेपालको संविधान २०७२, नेपालले पारित गरेका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरू र अन्तर्राष्ट्रिय तहमा प्रयोग गरी स्वीकार गरिएका मान्यताहरू नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मापदण्डको मुख्य आधार हुन् । यो मापदण्ड पुस्तिका पारस्परिक जवाफदेहिता परियोजना अन्तर्गत ऐन कानुन तथा नीतिहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले समिक्षा/मूल्याङ्कन गर्न तयार गरिएको हो ।

नागरिक संस्थाको सम्बन्धमा बनेका ऐन कानुन तथा नीतिहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले समिक्षा/मूल्याङ्कन गर्न तथा आगामी दिनमा बन्ने नीति तथा कानुनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषयलाई उचित प्राथमिकतामा राख्नको लागि ध्यानाकर्षण गर्न यो मापदण्डको प्रयोग गर्ने गरी तयार गरिएको हो ।

यो मापदण्ड नागरिक संस्थाको सम्बन्धमा बनेका ऐन कानुन तथा नीतिहरू बाहेकका अन्य कुनै ऐन तथा कानुनको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टीमा समिक्षा वा सोहि अनुरुपका विषयमा वकालत गर्न पनि प्रयोग गर्न सकिन्छ, तर प्रयोग गर्नु अगाडी विषयगत अध्ययन गर्न आवश्यक हुन्छ ।

## उद्देश्यः

परिवर्तित राज्यको संघीय संरचना अनुसार नेपालमा धेरै कानुनहरू संशोधन हुने वा नयाँ बन्नु पर्ने अवस्था छ । विशेषत नागरिक संस्थासंग सम्बन्धित ऐन, कानुन (संस्थाको दर्ता र संचालन सम्बन्धी कानुन, आमसञ्चार नीति, संविधानमा व्यवस्था भएका संगठित हुने स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था, पत्रकारको व्यवसायिक तथा शारीरिक सुरक्षा सम्बन्धी कानुन र विद्युतीय माध्यममा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी कानुन) को सुधारका लागि प्रक्रिया शुरु भैसकेको छ । कानुनको संशोधन र नयाँ कानुन बनाउँदा यस्ता नयाँ बन्ने कानुनहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले मैत्रीपूर्ण बनाउन योगदान दिनु यो मापदण्डको मुख्य उद्देश्य हो ।

यसका अतिरिक्त संविधान अनुरुप अन्य विभिन्न विषयहरू जस्तै महिला तथा बालबालिका, कृषि, अर्थ, स्वास्थ्य, सञ्चार, शिक्षा लगायतका विभिन्न क्षेत्रमा धेरै कानुनहरू बनाउनु पर्नेछ भने कति कानुनको संशोधन गर्नुपर्ने आवश्यकता देखिएको छ । यस प्रयोजनका लागि पनि यो मापदण्डले सहयोग पुऱ्याउने छ ।

स्थानीय, प्रदेश, संघीय व्यवस्थापिका र सरकार तथा प्रशासकिय निकायको ऐन कानुन तथा नीतिहरू बनाउने तहमा रहने व्यक्तित्व तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिले ऐन कानुन तथा नीतिहरूको वकालतकर्तालाई सहयोग पुऱ्याउनु समेत यो मापदण्डको उद्देश्य हो ।

## विषयः

ऐन कानुन तथा नीतिहरूमा नै समावेशीकरणको दृष्टिकोण स्थापित गर्न सकिएको खण्डमा कार्यान्वयनमा यसको प्रभाव देख्न सकिन्छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे सरल बुझाई स्थापित गर्ने गरी विषयवस्तुहरू तयार गरिएको छ । सम्बन्धित ऐन, कानुन कसरी बनाइएको छ, कसका लागि बनाइएको हो, यसले लक्षित वर्गलाई समावेश गर्छ या गर्दैन, कार्यान्वयनको अवधारणा कस्तो रहेको छ र कसरी यसको अनुगमन गरिनेछ जस्ता विषयहरू यस मापदण्डको मुख्य विषयको रुपमा रहेका छन् ।

मूलतः यो मापदण्डले निम्न कुरामा विशेष ध्यान दिएको छ ।

- ऐन कानुन तथा नीतिहरूको उद्देश्य
- ऐन कानुन तथा नीतिहरूका निर्माणका प्रक्रिया
- ऐन कानुन तथा नीतिहरूका विषय र सवाल
- कार्यान्वयनका लागि संस्थागत संरचना र नेतृत्व
- ऐन कानुन तथा नीतिहरूको कार्यान्वयनको योजना
- ऐन कानुन तथा नीतिहरूको कार्यान्वयनको मूल्याङ्कन

## ऐन कानुन तथा नीतिहरूको समिक्षा गर्न बनाइएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मापदण्डहरु

| विषय | सरोकार |
|---|---|
| ऐन, कानुन तथा नीतिहरूको उद्देश्य वा प्रस्तावना | • ऐन, कानुनको उद्देश्य वा प्रस्तावनाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसात गरेको छ कि छैन ? जस्तै: प्रस्तावनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण वा सोहि अनुरुपमा अर्थ दिने शब्दहरूको प्रयोग भएको छ कि छैन । जस्तै<br>*नेपालको संविधान, २०७२-*<br>*बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै, वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै* |
| ऐन कानुन तथा नीतिहरूको निर्माण प्रक्रिया | • ऐन, कानुन निर्माणमा को को सहभागी भए ? लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण दृष्टिमा कोकस्को सहभागिता हुनुपर्ने थियो ?<br>• ऐन, कानुन निर्माणको प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत विज्ञ, सम्बन्धित आयोगहरू, सक्रिय समूह, संघसंस्थाहरूसंग छलफल र परामर्श गरियो कि गरिएन ? यदि छलफल गरिएको थियो भने उक्त सहभागितामा लिङ्ग, वर्ग, क्षेत्र, भाषा, संस्कृति, सिमान्तकृत समुदाय तथा क्षेत्रगत विविधतालाई समेटिएको थियो ?<br>• ऐन, कानुन निर्माणको प्रक्रियामा सो ऐन तथा नीतिका विषयवस्तुहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सरोकारवालहरू बीचमा छलफलमा ल्याइयो कि ल्याइएन ?<br>• ऐन तथा नीतिको निर्माणको प्रक्रियामा सो ऐन, कानुनको मस्यौदालाई नागरिक (विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, भाषा, संस्कृति, सिमान्तकृत समुदाय तथा क्षेत्रगत विविधता भएको) जानकारीमा पुऱ्याएर सुझावहरू लिइयो कि लिइएन ? |
| ऐन कानुन तथा नीतिहरूको विषयवस्तु | • ऐन कानूनको निर्माण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणले आत्मसाथ गरेको समानता, समता, अहिंसा, विभेदविरुद्ध उपचार तथा सहभागिता जस्ता विषयहरूलाई समावेश गरेको छ वा छैन ? *जस्तै: नेपालको संविधानले समानताको हक अन्तर्गत समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।* यस क्रममा तपशिलमा उल्लेखित बुँदाहरूको अध्ययन आवश्यक हुन्छ ।<br>१. नेपालको संविधानमा उल्लेखित मौलिक हक, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयवस्तुहरू<br>२. नेपाल पक्षधर भएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित ऐन, कानूनहरू<br>३. मानव अधिकारको विश्वव्यापी घोषणापत्र<br>४. महिला माथि हुने सबै प्रकारका हिंसा विरुद्धको महासन्धी<br>• ऐन, कानुनको मस्यौदाले सहभागिता, भर्ना, प्रतिनिधित्व, नियुक्ति तथा मनोनयन सम्बन्धी व्यवस्था, स्रोतको बाँडफाँड आदि प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई ध्यानमा राखिएको छ कि छैन ?<br>• ऐन, कानुनको मस्यौदाको भाषा दोहोरो अर्थ लाग्ने अथवा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई वाध्यात्मक नगर्ने किसिमको त छैन ? |
| ऐन कानुन तथा नीतिहरूका कार्यान्वयन प्रक्रिया | ऐन, कानुनको कार्यान्वयन गर्ने जिम्मेवार पक्षको पहिचान र सबै तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त बमोजिम प्रतिनिधित्व प्रत्याभूतिको संरचना:<br>**कार्यान्वयनकर्ता:** यो ऐन, कानुनको कार्यान्वयमा को को सहभागी हुन्छन् ? कार्यान्वयनको प्रक्रियामा (संस्थागत संरचना र नेतृत्व) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई |

| | |
|---|---|
| | ध्यानमा राखिएको छ कि छैन ?<br>**साझेदार**: यो ऐन, कानुनको कार्यान्वयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्त बमोजिम साझेदारहरू तय भएका छन् कि छैनन् ?<br>**सहभागी**: ऐन, कानुनको कार्यान्वयमा यो ऐन तथा नीति लागू हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पर्ने मानिसको (विशेषत नेपालको संविधान अनुसारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता बमोजिम) सहभागिताको प्रत्याभूति गरिएको छ कि छैन ? के ऐन, कानुनको कार्यान्वयनमा विभिन्न लक्षित समुदायको प्रतिनिधित्व छ ?<br>**निर्णयकर्ता**: ऐन, कानुनको कार्यान्वयनमा निर्णायक स्थानमा रहने व्यक्तिहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता बमोजिमका छन् कि छैनन् ? के ऐन, कानुनको कार्यान्वयनको क्रममा क्षमता अभिवृद्धिका गतिविधिहरू छन् ? |
| ऐन कानुन तथा नीतिहरूका कार्यान्वयनको अनुगमन र मूल्याङ्कन | • के दस्तावेजले अनुगमन तथा मूल्याङ्कनको क्रममा लैङ्गिक समानता दर्शाउने आधार सामाग्री (तथ्याङ्क) हरू सहितको अनुगमन तथा मूल्याङ्कन ढाँचाको लागि मार्गनिर्देशन गर्छ ?<br>• ऐन, कानुनको कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन संयन्त्रहरू के हुन् र के तिनीहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल्य मान्यतामा आधारित छन् ? तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्त बमोजिमका व्यक्तिहरूको यो प्रक्रियामा सहभागिता छ कि छैन ?<br>• ऐन, कानुनको कार्यान्वयनले कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विशेष उद्देश्यहरू जस्तै सहभागिता, प्रतिफलमा पहुँच, नतिजा तथा प्रभावलाई मापन गर्छ ? र त्यसको मापन कसरी गर्ने ?<br>• ऐन तथा नीतिको कार्यान्वयनले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी लागत (बजेट) योजना गरेको छ की छैन ?<br>• माथि उल्लेखित सम्पूर्ण बुँदाहरूमा उल्लेख गरिएको हक अधिकारहरूको संरक्षण गर्ने संयन्त्रको निर्माण गरिएको छ छैन ?<br>• जवाफदेहिताको लागि के कस्तो व्यवस्थाहरू गरिएको छ । |




USAID
अमेरिकी जनताबाट

fhi360
THE SCIENCE OF IMPROVING LIVES

सम्पर्क:

**सम्झौता नेपाल**

पो.ब.नं. २३९३२, फोन : २०५१०२७

इमेल : info@samjhautanepal.org.np, वेबसाइट : http://www.samjhautanepal.org.np